# सिद्धार्थनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सिद्धार्थनगर, रुपन्देही
५ नं. प्रदेश, नेपाल


प.सं. प्र.शा. ०७५।०७६
च.नं.३५२९

मिति :२०७६।२।९

श्री जिन्सी शाखा
सिद्धार्थनगर नगरपालिका ।

**बिषय : वैठकको निर्णय उतार सम्वन्धमा ।**

प्रस्तुत बिषय सम्वन्धमा सिद्धार्थनगर नगरपालिकाका नगर प्रमुख श्रीमान् हरि प्रसाद अधिकारी ज्युको अध्यक्षतामा मिति २०७६।२।६ गते बसेको बोर्ड वैठकको निर्णयको फोटो कपी आवश्यक कार्यन्वयन एवं जानकारीका लागी यसै साथ पठाईएको व्यहोरा अनुरोध छ ।

विवेक खनाल
[illegible] कृत
सिद्धार्थनगर नगरपालिका कार्यालय

D/ prabhat.\ kamla\ office letter 2




फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
email: siddharthanagar.municipality@gmail.com / www.siddharthanagarmun.gov.np



Scanned by CamScanner

निणर्य नं.१. यस नगरपालिका क्षेत्रभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन सम्बन्धमा सो कार्यक्रमको बजेट प्रत्येक वडाबाट प्राप्त बेरोजगारहरुको संख्या तथा कार्यक्रम सञ्चालनको लागि योजना छनौटका आधारहरुका बारेमा छलफल गरियो ।

निर्णय नं.२. आ.व. २०७६।२०७७ को लागि राजस्व परामर्श समितिको प्राप्त प्रतिवेदनको आधारमा यस नगरकार्यपालिकाले आफ्नो क्षेत्र भित्र देहायबमोजिमको वार्षिक न्यूनतम ठेक्का अंक नियमानुसार तोकेको हुँदा बोलपत्र आव्हान गर्ने निर्णय गरियो ।

| क.सं | ठेक्काको विवरण | आ.व.२०७६।०७७ प्रस्तावित ठेक्का |
|---|---|---|
| १. | हाटबजार बैठकी कर तथा सवारी पार्किङ्ग शुल्क | २५,००,०००।०० |
| २. | बसपार्क प्रवेश शुल्क | ७५,००,०००।०० |
| ३. | भौतिक पूर्वाधार उपयोग शुल्क | ३५,००,०००।०० |
| ४. | बेलहिया शहरी सेवा केन्द्र पार्किङ्ग शुल्क | ३०,००,०००।०० |
| ५. | विज्ञापन शुल्क | ५०,००,०००।०० |
| ६. | आँखा अस्पताल, हाट बजार समेत पार्किङ्ग शुल्क | ६,००,०००।०० |

निर्णय नं.३ यस नगरपालिका क्षेत्र भित्रका ८५ वर्ष उमेर पूरा भएका ज्येष्ठ नागरिकहरुलाई नीजहरुको स्वास्थ्य परिक्षण गर्नको लागि युनिभर्सल कलेज अफ मेडिकल साइन्सेज (UCMS) भैरहवा लाई अनुरोध गर्ने तथा यस कार्यको लागि छुट्टाइएको बजेट ( ५,००,०००+३२७५००)= ८,२७,५०० मध्येबाट स्वास्थ्य जाँच गर्नको लागि खटिने टिमलाई खटिएको अवधिभर खाजा तथा खाना खर्च वापत रु.१,२७,५००।– बजेट विनियोजन गर्ने र बाँकी रकमबाट स्वास्थ्य परिक्षण पश्चात प्रत्येक ज्येष्ठ नागरिकलाई रु.३५००।-( तीन हजार पाँच सय मात्र ) का दरले औषधी उपचार खर्च वापत नगद नै दिने निर्णय गरियो ।

निर्णय नं. ४. मिति २०७६ बैशाख १८ गते देखि बैशाख २८ गते सम्म यस नगरपालिकाद्धारा सञ्चालित 2nd mayor cup (दोस्रो मेयर कप) क्रिकेट प्रतियोगिता सफलतापूर्वक सम्पन्न गरेकोमा उक्त कार्यक्रमका संयोजक श्री सतिश प्रसाद मरासिनी लगायत सम्पूर्ण टिम तथा सहभागीहरुलाई हार्दिक धन्यवाद तथा प्रतियोगितामा सहभागी तथा विजयी खेलाडीहरुलाई हार्दिक बधाई दिने निर्णय गरियो ।

श्याम बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner